

## प्रतिरोधक क्षमता भनेको के हो?

प्रतिरोधक क्षमता तपाईंको शरीरले संक्रमणको प्रतिरोध गर्ने वा लड्ने क्षमता हो। तपाईंको प्रतिरक्षा प्रणाली तपाईंको शरीरभरि कोषहरूको सञ्जाल हो जसले तपाईंलाई स्वस्थ र सुरक्षित रहन मद्दत गर्छ, र तपाईं संक्रमित हुँदा तपाईंलाई स्वस्थ हुन मद्दत गर्छ।




## खोपले कसरी काम गर्छ?

खोपले हाम्रो प्रतिरक्षा प्रणालीलाई रोगसँग लड्नको लागि 'एन्टिबडीहरू' भनेर चिनिने प्रोटिनहरू उत्पादन गर्न तालिम दिन्छ, जस्तै हामी कुनै रोगको संसर्गमा आउँदा खोपले हामीलाई बिरामी नपर्ने गरि काम गर्छ।



## खोपको लागि को योग्य छ?

तपाईंको अध्यागमन वा नागरिकताको स्थिति जेसुकै भए तापनि 12 वर्ष वा सो भन्दा माथि उमेरका COVID-19 खोप निःशुल्क छ। तपाईंले COVID-19 खोप लगाउनको लागि राज्यद्वारा जारी गरिएको ID वा बीमा आवश्यक छैन। खोपहरू सार्वजनिक शुल्क नियम अन्तर्गत गणना गरिंदैन।




## COVID-19 जाँच र उपचारको लागि को योग्य छ?

आप्रवासीहरू सहित सबै योग्य न्यूयोर्कवासीहरूको लागि जाँच निःशुल्क छ। तपाईं नागरिक नभए पनि वा बीमा छैन भने पनि, तपाईं बिना खर्च निःशुल्क COVID-19 जाँच र उपचार प्राप्त गर्न सक्नुहुनेछ।



## समुदाय प्रतिरोधकले कसरी काम गर्छ?

यसलाई बथान प्रतिरोधक पनि भनिन्छ। समुदाय प्रतिरोधक भनेको समुदाय भित्र संक्रमणको जोखिम कम गर्नु हो। यो तब मात्र हुन्छ जब समुदायको ठूलो हिस्साले खोप लिएपछि, एउटा व्यक्तिबाट अर्कोमा COVID-19 को प्रसार रोकिन्छ। फलस्वरूप, सम्पूर्ण समुदाय सुरक्षित हुन्छ।



## तपाईंले खोप लगाएर तपाईं कसलाई जोगाउनुहुन्छ?

खोप लगाएमा हामीले वृद्ध वयस्कहरू प्रतिरक्षा-कमजोर भएका व्यक्तिहरू र बच्चाहरू सहित, समुदायका सबैभन्दा कमजोर (जोखिममा रहेका) सदस्यहरूलाई बचाउँछ। खोप लगाउनु र सार्वजनिक स्वास्थ्य सिफारिसहरूलाई अनुसरण गर्नु तपाईं आफू र तपाईंको प्रियजनहरूलाई बचाउने सबैभन्दा राम्रो तरिका हो।

**यदि तपाईंलाई COVID-19 भएपनि, तपाईंले खोप लगाउनुपर्छ! आफ्नो डाक्टरसँग कुरा गर्नुहोस्।**



# खोपले रक्षा गर्छ

# हाम्रो परिवार र हाम्रो समुदायको

**सार्वजनिक अस्पताल, आपतकालीन कोठा, COVID-19 जाँच र खोप साइटहरू, निःशुल्क क्लिनिकहरू, र सामुदायिक स्वास्थ्य केन्द्रहरूमा स्यहार खोज्नु सुरक्षित र स्मार्ट छ। आफ्नो, तपाईंको परिवार र तपाईंको समुदायको ख्याल राख्नुहोस्।**

**न्यूयोर्क शहरमा कसरी खोप लगाउने:**

खोपका लागि अनलाइन अपोइन्टमेन्ट बनाउनको लागि vax4nyc.nyc.gov मा जानुहोस्। अपोइन्टमेन्ट बनाउनको लागि **877-VAX-4NYC** वा **877-829-4692** मा फोन गर्नुहोस्। आउनासाथै अपोइन्टमेन्ट विकल्प प्रस्ताव गर्ने स्थान फेला पार्नको लागि, https://vaccinefinder.nyc.gov/ मा जानुहोस्।

**न्यूयोर्क राज्यमा कसरी खोप लगाउने:**

https://covid19vaccine.health.ny.gov मा तपाईंको योग्यता जाँच गर्नुहोस् र तपाईंको खोपको अपोन्टमेन्ट बनाउनुहोस् वा तपाईंको खोपको अपोन्टमेन्ट निर्धारण गर्नको लागि न्यूयोर्क राज्यको खोप हटलाइन **1-833-NYS-4VAX (1-833-697-4829)** मा फोन गर्नुहोस्।

This resource is supported by the Centers for Disease Control and Prevention (CDC) of the U.S. Department of Health and Human Services (HHS) as part of a financial assistance award totaling $3,300,000 with 75 percent funded by CDC/HHS. The contents are those of the author(s) and do not necessarily represent the official views of, nor an endorsement, by CDC/HHS, or the U.S. Government.

NYU Langone Health | NYU CENTER FOR THE STUDY OF ASIAN AMERICAN HEALTH | CACF Coalition For Asian American Children+Families | APIAHF ASIAN & PACIFIC ISLANDER AMERICAN HEALTH FORUM